# बरेङ गाउँपालिका

# बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९

गाउँपालिकाबाट स्वीकृत मितिः२०७९/०४/२४

बरेङ गाउँपालिका

बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः** बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, संम्वर्द्धन, परिपूर्ति एवं बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्न बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको भाग १८ धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७८ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "संविधान" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ग) "कार्यविधि" भन्नाले बरेङगाउँपालिका द्वारा जारी गरिएको बालअधिकार संरक्षणतथा संम्वर्द्धन कार्यविधि, २०७८ सम्झनु पर्छ ।

घ) "बालबालिका" भन्नाले नेपाल कानून अनुसार १६ वर्ष उमेर पूरा गाउँका र अर्न्तराष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा गाउँका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

ङ) "बालबालिका डेक्स" भन्नाले बरेङ गाउँपालिकाले बरेङ गाउँपालिका कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

च) "सर्म्पक व्यक्ति (Focal Person) भन्नाले बरेङ गाउँपालिकाले गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

छ) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

ज) “बाल क्लव” भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका बरेङ गाउँपालिका मा सूचीकृत भई संचालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ ।

झ) “संरक्षक तथा संरक्षक शिक्षक” भन्नाले बालक्लवलाई नियमितरुपमा संचालन तथा व्यवस्थापन गर्न समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

ञ) “प्रधान संरक्षक” भन्नाले विद्यालयमा गठन भएका बालक्लव तथा संरक्षक शिक्षकलाई नियमितरुपमा अनुगमन, नियन्त्रण, निर्देशन र व्यवस्थापनका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्दछ ।

ट) “बालक्लव सञ्जाल” भन्नाले बरेङ गाउँपालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

ठ) “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैर नाफामूलक सामाजिक संस्था सम्झनु पर्छ ।

ड) “बालविकास केन्द्र” भन्नाले गाउँपालिका तथा वडाका समुदायस्तरमा स्थापना भएका प्राथमिक बाल शिक्षा केन्द्रलाई सम्झनु पर्दछ ।

ढ) “स्थानीय तह” भन्नाले बरेङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

ण) “बाल कल्याण कोष” भन्नाले बाल अधिकारको संरक्षण र सम्वर्दन गर्नका लागि बरेङगाउँपालिका मा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।

त) “प्रमाणपत्र” भन्नाले गाउँपालिका कार्यालयमा सूचीकृत भएका बालक्लवहरुलाई दिइने सूचीकृत प्रमाणपत्र सम्झनु पर्छ ।

थ) “गाउँपालिका” भन्नाले बरेङ गाउँपालिका सम्झनुपर्छ ।

द) “अध्यक्ष” भन्नाले बरेङ गाउँपालिका को गाउँ अध्यक्ष सम्झनुपर्छ ।

ध) “उपाध्यक्ष” भन्नाले बरेङ गाउँपालिका को उपाध्यक्ष सम्झनुपर्छ ।

न) “वडा” भन्नाले बरेङ गाउँपालिका को वडा सम्झनुपर्छ ।

ऩ) “वडाध्यक्ष” भन्नाले बरेङ गाउँपालिका को वडाध्यक्षलाई सम्झनुपर्छ ।

प) “सभा” भन्नाले बरेङ गाउँपालिका को गाउँसभालाई सम्झनुपर्छ ।

फ) “कार्यपालिका” भन्नाले बरेङ गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

**३. उद्देश्य :**

१) यस यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्दन गर्न ।

ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनिकरण गर्न ।

ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्न ।

च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्न ।

## परिच्छेद- २
## बालमैत्री शासन समिति, बालबालिका डेक्सको स्थापना र संचालन

**४. बालमैत्री स्थानीय शासन समिति गठन :**

बाल बचाउँ, बालसंरक्षण, बालविकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्य प्रकृयामा मूल प्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरु रहने छन् ।

१) अध्यक्ष, बरेङ गाउँपालकिा गाउँपालिका - अध्यक्ष

२) उपाध्यक्ष, बरेङ गाउँपालकिा - उपाध्यक्ष

३) बरेङगाउँपालिका ले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) - सदस्य

४) शिक्षा शाखा प्रमुख/प्रतिनिधि (१ जना) - सदस्य

५) महिला बालबालिका शाखा प्रमुख/प्रतिनिधि (१ जना) - सदस्य

६) गैसस प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत ) १ जना - सदस्य

७) स्थानीय तहका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट बरेङ गाउँपालिका ले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य

८) बरेङगाउँपालिका भित्र कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) - सदस्य

९) बरेङ गाउँपालिका स्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) - सदस्य

१०) बरेङ गाउँपालिका बालसंरक्षण समितिको (१ जना) - सदस्य

११) बरेङ गाउँपालिका का डेक्स हेर्ने - सदस्य

१२) प्रमुख प्रशासकिय अधिकृत, बरेङ गाउँपालिका -सदस्य सचिव

**५. बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार :**

१) बरेङ गाउँपालिका को बालबालिका सम्वन्धि नीतिगत निर्णयहरु गर्ने ।

२) बरेङ गाउँपालिका को बालबालिका सम्वन्धि योजनाहरुको अन्तिम निर्णय गर्ने ।

३) बरेङ गाउँपालिका मा कार्यरत निकायहरुलाई बालबालिका सम्वन्धी कार्यमा समन्वय गरिदिने ।

४) बरेङ गाउँपालिका मा भएका बालबालिका सम्वन्धी कार्यहरुको समग्र अनुगमन गर्ने ।

५) बरेङगाउँपालिका मा बालमैत्री स्थानीय शासनका लागि अनुसूची ४ मा उल्लेख भए अनुसारको सूचक पुरा गर्नका लागि नेतृत्व तथा सहजीकरण गर्ने ।

६) बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ । बैठकको कार्यवीधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

**६. बालबालिका डेक्सको स्थापना :**

१) प्रत्येक वडा कार्यालयमा र बरेङ गाउँपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स संचालन गर्नको लागि कम्तिमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकिने छ ।

२) बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छः

क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाको अध्यावधिक गर्ने । “स्पष्टीकरण” सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

ख) बालक्लव तथा बालक्लव सञ्जालहरुको सूचीकृत गर्ने ।

ग) बालबालिका, बरेङगाउँपालिका र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

घ) बाल संरक्षण समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव, बालक्लव संजालहरु बीच समन्वय र सहकार्य गर्ने।

ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।

च) बालक्लव, बालक्लव संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।

छ) गाउँपालिकाले तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

**७. बाल संरक्षण समिति गठन, काम, कर्तव्य र अधिकार :**

(१) बरेङगाउँपालिका मा देहाय वमोजिमको बालसंरक्षण समिति गठन गरिने छ ।

क) बरेङगाउँपालिकाको उप-प्रमुख - संयोजक

ख) संरक्षक शिक्षकहरु मध्येबाट १ जना - सदस्य

ग) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना - सदस्य

घ) बरेङगाउँपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्र सरकारी संस्थाहरुमध्येबाट १ जना - सदस्य

ङ) गाउँ शिक्षा समितिबाट १ जना - सदस्य

च) बरेङगाउँपालिका बालक्लव संजालबाट १ जना - सदस्य

छ) आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी कम्तिमा १ महिलासहित ३ जना - सदस्य

ज) बरेङ गाउँपालिका मा रहेको प्रहरी कार्यालयको प्रमुख - सदस्य

झ) बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति - सदस्य सचिव

(२) बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ,

क) बरेङ गाउँपालिका मा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

“स्पष्टीकरण” विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले आमाबाबु, अभिभावक विहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, कानूनी विवादमा परेका बालबालिकामध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागू औषधको कुलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाई भएका बालबालिका, बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका ,परित्यक्त तथा सडकमा आश्रित बालबालिका, कानून बमोजिम तोकिएका अन्य बालबालिकालाई बुझाउने छ ।

ख) बरेङ गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समूह, बाल संरक्षण समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग

आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने ।

ङ) स्थानीय संघसँस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिन ।

च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि श्रोतको आर्थिक, भौतिक तथा मानवीय व्यवस्था मिलाउने ।

ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र जिल्ला बालकल्याण समितिलाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

झ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

ञ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्वार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि बरेङगाउँपालिका बाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा निजी क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

ट) अनाधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

ठ) बालबालिकासंग सम्बन्धित दिवसहरु गाउँपालिका स्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने ।

ड) वडा बाल संरक्षण समितिहरु, बालक्लव सञ्जालहरु, सरोकारवालाहरु र बरेङ गाउँपालिका बीच समन्वय,सहकार्य र सम्पर्क गर्ने ।

ढ) बरेङ गाउँपालिकामा बालबालिका सम्बन्धी संपन्न कार्यक्रम कार्यान्वयनको प्रगति विवरण पेश गर्ने ।

(३) समितिको वैठक सम्बन्धी कार्यविधिः

क) समितिको वैठक महिनामा कम्तिमा एक पटक वस्नेछ ।

ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ ।

घ) गाउँपालिका स्तरीय बालसंरक्षण समितिको पदावधि पाँच वर्षको रहने छ ।

**८. वडा बाल संरक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार :**

१) वडामा देहाय वमोजिमको वडा बालसंरक्षण समिति गठन गरिनेछ-

क) वडा अध्यक्ष - संयोजक

ख) संरक्षक शिक्षकहरुमध्येबाट १ जना - सदस्य

ग) महिला स्वास्थ्य कार्यकर्ताहरुमध्येबाट १ जना - सदस्य

घ) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरु मध्येबाट १ जनाः - सदस्य

ङ) विद्यालय व्यवस्थापन समितिबाट १ जना - सदस्य

च) वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जना - सदस्य

छ) आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुने गरि कम्तिमा १ महिलासहित ३ जना - सदस्य

ज) वडा बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति - सदस्य सचिव

(२) वडा बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुनेछ,

क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र बरेङ गाउँपालिका मा पेश गर्ने ।

ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समूह, बाल संरक्षण समिति, गिाउँनी समिति, मेलमिलाप केन्द्र, आपतकालीन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संवर्दनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने, गराउने ।

ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

घ) बालअधिकारको संरक्षण र संम्वर्दनका निमित्त चेतना अभिबृद्धि र जागरण सिर्जना गर्ने ।

ङ) स्थानीय संघ संस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने ।

च) बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

छ) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

ज) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

झ) बाल संरक्षणका विषयमा वकालत गर्ने र बरेङगाउँपालिका लाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने ।

ञ) बालक्लव, वडा बालक्लव सञ्जाल, सरोकारवालाहरु र बरेङगाउँपालिका वीच समन्वय र सम्पर्क गर्ने ।

ट) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति बरेङदु गाउँपालिका मा पेश गर्ने ।

ठ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

ड) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्वार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि सम्बन्धित बरेङगाउँपालिका बाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।

ढ) अनाधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने ।

ण) बालबालिकासंग सम्बन्धित दिवसहरु गाउँपालिका स्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने ।

(३) समितिको वैठक सम्बन्धी कार्यविधि

१. समितिको वैठक महिनामा कम्तिमा एक पटक वस्नेछ ।
२. समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

३. समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ ।

४. वडाभित्र आवश्यकताका आधारमा वडा बालसंरक्षण समितिलाई सहयोग गर्न समुदायस्तरमा बढीमा ७ सदस्यीय बाल संरक्षण समितिहरु गठन गर्न सकिने छ । सो समितिको संयोजक वडा समितिले मनोनित गर्ने छ । उक्त समितिमा बालक्लव, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम सेविका, स्थानीय बालअधिकार अभियन्तामध्येबाट रहने छन् । यो समितिको पदावधि २ वर्षको हुनेछ । यसको उत्तरदायित्व वडा समितिमा निहित रहने छ ।

५. वडा बालसंरक्षण समितिको पदावधि २ वर्षको रहने छ ।

**९. बालक्लव र बालक्लव सञ्जालको गठन, काम, कर्तव्य र अधिकार :**

क) प्रत्येक विद्यालयमा एक स्थायी बालक्लव रहने छ । विद्यालयका सबै विद्यार्थीहरु यसका सदस्य रहने छन् । बालबालिकाको भेलाबाट बालक्लवको बढीमा १५ सदस्यीय कार्य समितिको चयन हुनेछ जस्मा कम्तिमा ५० प्रतिशत बालिका सहित लैङ्गिक सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ । बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकी विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा पालिकामा सूचीकृत गरिने छ ।

गाउँपालिकाले रितपूर्वक आएका बालक्लवहरुलाई आवद्धता/सुचिकृतको अनुसूची १ अनुसारको प्रमाणपत्र र बालक्लवको विधान गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित गरी बालक्लवहरुलाई उपलव्ध गराउनुपर्ने छ । विद्यालयको हकमा बालक्लवमा सदस्य हुनका लागि ८ वर्ष उमेर पुरा भई १८ वर्ष सम्मको हुनुपर्ने छ । कक्षा को हकमा कक्षा ५ वाट सुरु भएको हुने छ ।

ख) समुदायको हकमा बालबालिकाको भेलाले बढीमा १५ सदस्यीय बालक्लव गठन गरी, संरक्षक तोकि एक महिना भित्र सम्वन्धित वडा तथा बरेङगाउँपालिका मा सुचीकृत हुनु पर्ने छ ।

ग) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक,मानसिक, संम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्यूनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरुको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन्

घ) बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न उप समितिहरु निर्माण गर्न सक्ने छ ।

ङ) बालक्लबको बैठकको आयोजना निम्नानुसार हुने छ ।

(१) सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा मासिक रुपमा बैठक सञ्चालन गर्नु पर्ने छ ।

(२) नियमित बैठक तथा छलफलका विषयहरू

क) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्ने छ ।

ख) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

ग) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्ने छ ।

घ) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुन सक्ने छः

(१) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा ।

(२) बाल क्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा ।

(३) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि ।

(४) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु ।

ङ) बालक्लव सञ्जालहरूको गठन

च) (१) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिने छ ।

(२) बालक्लब सञ्जाल वडा स्तर, बरेङगाउँपालिका स्तरका हुनेछन्।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (बरेङ गाउँपालिका र वडा) तहमा बाल क्लवहरूका प्रतिनिधिहरुको भेलाको आयोजना गर्नु पर्ने

४) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति भन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्ने छ :

क) भेलाको मिति, समय र स्थान,

ख) भेलामा छलफल हुने विषयहरू,

ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबहरुको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

ङ) भेलामा सहभागीका लागि उपलब्ध गराउन नसकिने नहुने सेवा र सुविधा, र

च) अन्य आवश्यक विषयवस्तुको बारेमा पूर्व जानकारी दिनु पर्ने छ ।

(५) बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ -

क) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्ने छ, ।

ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्ने छ, ।

ग) समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

घ) बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको अनिवार्य व्यवस्था गराउनु पर्ने छ ।

ङ) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्रको बालक्लवमा आवद्द भएको हुनु पर्ने छ ।

च) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा दफा ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेत्वको पुनःगठन प्रत्येक वर्ष गर्नुपर्नेछ ।

छ) नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्ने छ ।

(२) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्ने छ ।

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रीय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिने छ ।

(४) बालबालिका माझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनु पर्नेछ ।

(५) वडा तथा गाउँपालिकामा गठन भएका बालक्लव सञ्जालहरु गठन भएको एक महिनाभित्र बरेङगाउँपालिका कार्यालयमा सूचीकृत गर्नु पर्ने छ ।

(६) सूचीकृत भएका बालक्लव सञ्जालहरुले हरेक वर्ष अध्यावधिक गरी बरेङ गाउँपालिका कार्यालयमा नविकरण गर्नुपर्ने छ । यसरी अध्यावधिक हुँदा सम्बन्धित सञ्जालले अध्यावधिक गर्ने व्यहोराको निवेदन, सञ्जालको वार्षिक भेलाको उपस्थिति, विद्यमान कार्यसमितिको नामावली, संरक्षकको नाम र ठेगाना र सञ्जालले अघिल्लो वर्ष सञ्चालन गरेका क्रियाकलापहरुको वार्षिक प्रगति प्रतिवेदन अनिवार्य संलग्न गर्नु पर्ने छ ।

(७) बालक्लव तथा बालक्लव सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः पदाधिकारीहरुको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) समूहको वैठक र समूहको साधारण सभाको अध्यक्षता ग्रहण गर्ने ।

(२) समूहको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने, गराउने

(३) समूहको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने।

(४) समूहको निर्णय र बाल संरक्षण समिति र ग्रीन समिति निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(५) समूहको प्रतिनिधि चयन गरी पठाउने वा समूहको प्रतिनिधित्व गर्ने ।

(६). उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

(७) सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका एक सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

(८) बाल समूहसँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।

(९) तोकिएको अन्य कार्य गर्ने ।

(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

(२) तोकिएको अन्य काम गर्ने ।

(ग) सचिवको काम, कर्तव्य र अधिकारः सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्ने छः

(१) समूहको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।

२) बालबालिका वा बाल समूहसंग सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।

(३) समूहको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।

(४) समूहको बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।

(५) समूहको प्रशासकीय कार्य गर्ने ।

(६) अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।

७. तोकिएको अन्य कार्य गर्ने ।

(घ) सहसचिवको काम, कर्तव्य र अधिकारः

(१) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार संहाल्ने ।

(२) तोकिएको अन्य कार्य गर्ने ।

(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) क्लव/समूहको आय व्यय दुरुस्त राख्ने ।

(२) आर्थिक वजेट तयार गरी समूहको वैठकमा पेश गर्ने ।

(३) आर्थिक सहयोग जुटाउने ।

(४) आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

(च) सदस्यको काम कर्तव्य र अधिकारः

(१) वैठकमा सहभागी हुने ।
(२) निर्णयको लागि आफ्नो मत पेश गर्ने ।
(३) तोकिएको कार्य गर्ने ।
(४) समूहको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

## परिच्छेद- ३

### १०. बालक्लव र बालक्लव सञ्जालको गठन, काम, कर्तव्य र अधिकार :

(१) बरेङगाउँपालिका मा एक वटा बालकल्याण कोषको स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहने छ ।

क) स्थानीय तहबाट विनियोजन गरिएको रकम
ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम
ग) विदेशी सरकार, अन्तराष्ट्यि संघसंस्थाबाट प्राप्त रकम
घ) स्वदेशी संघ, संस्था र व्यक्तिबाट प्राप्त रकम
ङ) अन्य विविध श्रोतबाट प्राप्त हुन आएको रकम ।

(३) बालकोषको प्रयोग जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सम्वर्द्धनका लागि निम्न शिर्षकमा खर्च गर्न सकिने छ

क) जोखिमपूर्ण श्रममा संलग्न रहेको,
ख) हराएको वा वेवारिसे अवस्थामा फेला परेको,
ग) ऋृणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रमबाट पीडित भएको
घ) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूर्व्यवहारबाट पीडित भएको
ङ) दूर्घटनामा परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको,
च) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूर सँग सम्बन्धित रहेको कारणले बेवारीसे भएको,
छ) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको,
ज) हिंसाबाट प्रभावित भएको,
झ) बाबुआमा वा संरक्षकबाट बन्चित भएको,
ञ) अपाङ्गता भएको,
ट) सुस्तमनस्थिति भएको,
ठ) अपहरण वा शरीर बन्धकमा परेको,
ड) सडक बालबालिका,
ढ) एच.आई.भी. एड्स संक्रमित भएको,
ण) जन्मने वित्तिकै आमा वा बुवाबाट तिरस्कृत भै संरक्षण विहीन अवस्थामा फेला परेको शिशु,
त) विभिन्न कारणबाट आमाबुवाबाट त्यागिएका र

थ) समितिले तोकेका अन्य बालबालिका -(१) दफा ३ मा उल्लेख भए बाहेकको अन्य शीर्षकमा कोषको रकम खर्च गर्नसकिने छैन ।

(२) दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको कूल खर्च रकमको १० प्रतिशतसम्मको रकम कोष सञ्चालक समितिको बैठक सञ्चालन तथा व्यवस्थापनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

**११. कोष सञ्चालन गाउँपालिका बाल मैत्री स्थानीय शसन समितिद्वारा हुने छ ।**

**१२. समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुने छ :**

क) जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने

ङ) जोखिम अवस्थामा रहेका बालबालिकालाई राहत स्वरुप दिइने रकमको मापदण्ड बनाई लागू गर्ने,

च) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

छ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

ज) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने

ञ) जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने वा गराउने ।

**१३. समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तिमा चौबीस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमाछलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरुलाई दिनु पर्ने छ ।

(४) समितिको दुई तिहाइ सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्ने छ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्ने छ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्ने सक्नेछन्। तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्ने छ ।

**१४. कोषको खाता सञ्चालन :**

(क) कोषको रकम समितिको निर्णयले नेपाल राष्ट्र बैङकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैङ्कमा खाता खोली सञ्चालन गरिने छ ।

**१५. रकम फ्रिज नहुने**

**१६.** :प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१७. कोषको लेखा र लेखा परीक्षण**

क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिने छ ।

ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१८. प्रतिवेदन पेश गर्ने** समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र बरेङगाउँपालिका समक्ष पेश गर्नु पर्ने छ ।

**१९. स्रोतको व्यवस्थापन**बरेङगाउँपालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयका लागि आवश्यक वजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**२०. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्लव, सञ्जाल तथा संघसंस्थालाई बरेङगाउँपालिका ले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्ने छ ।

**२१. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार**

कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार बरेङ गाउँकार्यपालिकालाई हुने छ ।

**२२. खारेजी र बचाउ :**

कार्यविधी बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाँझिन गएमा बाँझिएको हदसम्म यो कार्यविधीमा लेखिएको कुराहरु अमान्य हुनेछन् र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

२३. बालबालिका सम्बन्धी कार्य संचालन गर्दा यो कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनमा भएको बालअधिकार सरक्षण र संवर्दन प्रक्रियाहरु अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

# अनूसूची-१
## (दफा ९(क) सँग सम्बन्धित)
## बालक्लव सूचीकृत प्रमाणपत्रको नमूना

बरेङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हुग्दिशिरबागलुङ ,
२०७३

Web :www.barengmun.gov.np
Email: info@barengmun.gov.np
गण्डकी प्रदेश नेपाल ,

---

आवद्धता नं. | मिति

श्री......................................बालक्लव,
बरेङ गाउँपालकि बागलुङ,

बरेङ गाउँपालिका वडा नं............को....................................विद्यालय/समुदायमा गठन भएको .........बालक्लवलाई यस ..........................गाउँपालिकामा आवद्धता गरी बालमैत्री, बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७८ को परिच्छेद २ (९ क) ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ । बालअधिकार संरक्षण र संवर्दन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्वन्धी कानूनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत :

## अनुसूची २
## बालक्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा
## निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बरेङ गाउँकार्यपालिकाको कार्यालय,
हुग्दिशिर, बागालुङ ।

**विषय : समूह सूचीकृत/आबद्धता गरी पाउँ ।**

प्रस्तुत विषयमा .................. नामको बालक्लब खोल्न चाहेकोले बरेङ गाउँकार्यपालिबाट स्वीकृत "बालअधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०७९ को परिच्छेद २ (९) ले गरेको व्यवस्था" बमोजिम समूह सूचीकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित समूहको निर्देशिकाको एक प्रति, सिफारिश, बालक्लव आवद्दता अभिलेख फाराम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

बालक्लव आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरु

(१) अनुसूची २ अनुसारको निवेदन
(२) अनुसूची ५ अनुसारको विधान २ प्रति
(३) बालक्ल्वको निर्णय
(४) विद्यालयको हकमा विद्यालयको सिफारिस
(५) वडाको सिफारिस
(६) बालक्लवको कार्य समितिको सिफारीस
(७) बालबालिकाहरुको जन्मदर्ता प्रमाणको प्रतिलिपि

निवेदक
नाम
हस्ताक्षर
मिति
सम्पर्क नं.